**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-१ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-८, संख्या-१९, मिति - २०८१/०९/२९**

**भाग-१**

**नेपालको संविधान बमोजिम मोदी गाउँ सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## केहि मोदी गाउँपालिकाको ऐन संशोधन गर्न बनेको ऐन २०८१

**प्रस्तावना**: प्रचलित मोदी गाउँपालिकाको ऐनमा नेपालको संविधान २०७२ सँग तादाम्यता नरहेका र स्थानिय तहको क्षेत्राधिकारमा नपर्ने फौजदारी प्रकृतीका व्यवस्था र अन्य केहि विषयहरुमा समेत समसामयिक सुधार गर्न केहि मोदी गाउँपालिकाको ऐनलाई संशोधन गर्न वाञ्छनिय भएकोले

नेपालको संविधान २०७२ को धारा ५७ मा उल्लेखित संवैधाधिक व्यवस्थालाई आत्मसात गरेर मोदी गाउँपालिकाको १६ औं गाउँसभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ: यस ऐनको नाम केहि मोदी गाउँपालिकाको ऐन संशोधन गर्न बनेको ऐन २०८१ रहेको छ ।

२) मोदी गाउँपालिकाको सहकारी ऐन २०७५ मा संशोधन : मोदि गाउँपालिकाको सहकारी ऐन २०७५ को

१) दफा (८०) को सजाय सम्बन्धी व्यवस्था झिकिएको छ ।

२) दफा (८०) को सजाय सम्बन्धी व्यवस्थाको सट्टा देहायको व्यवस्था राखिएको छ ।

* "कसैले दफा ७९ बमोजिमको कसुर गरेमा सहकारी सम्बन्धी प्रचलित ऐन नियम बमोजिम आवश्यक अनुसन्धान तथा कारवाहीको लागी सम्बन्धित निकायमा लेखि पठाईनेछ ।

**आज्ञाले,**
**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**